महादेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बखनाहा, ससरी

प्रदेश नं. २ नेपाल


प.सं. २०७६/०७७

चलानी नं. ४८२

मिति : २०७६/१०/०७

**विषय: बेटी पढाउ, बेटी बचाउ अभियान सम्बन्धी तथ्याङ्क संकलन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै**

**महादेवा गा.पा., ससरी ।**

उपरोक्त सम्बन्धमा २०७६/११/१ गते यस गा.पा. मा हुने प्रदेशस्तरीय बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत २०७५ माघ देखी हाल सम्म जन्मेका तथा कार्यक्रम हुने मितिसम्म जन्मेका बालिकाहरुको छोरी बीमा मुद्दति बचत कार्यक्रममा सहभागि गराउनको लागि बालिकाहरुको जन्म दर्ता, बालिकाको आमाबुवाको विवाह दर्ता र उहाँहरुको नागरिकताको प्रतिलिपि सकलन गरी एक प्रति सम्बन्धित वडा कार्यालय र एक प्रति गा.पा. मा कार्यक्रम हुने मिति भन्दा एक हप्ता अगावै उक्त बालिकाहरुको नामावली यथाशिघ्र उपलब्ध गराईदिनुहुन अनुरोध छ साथै सोही प्रावधान अनुसार यस अभियान सम्बन्धि सम्बन्धित वडामा व्यापक प्रचार प्रसार गरी कार्यक्रमलाई भव्यरुपले सफल पार्न आवश्यक सहयोगको लागि अनुरोध छ ।

**कार्यक्रम स्थान :**

- बखनाहा स्वास्थ्य चौकी महादेवा ३

**बिमा गर्न आउँदा अभिभावकहरुले साथमा लिएर आउनुपर्ने कागजात एवम् प्रमाणपत्रहरु :**

- बालिकाहरुको जन्म दर्ताको प्रतिलिपि
- सम्बन्धित बालिकाको आमाबुवा दुबैको नागरिकताको प्रतिलिपि
- आमाबुवाको विवाह दर्ताको प्रतिलिपि
- बालिकाको हालसालै खिचिएको पांच प्रति फोटो
- सम्बन्धित बालिकाको आमाबुवा दुबैको पासपोर्ट साइजको हालसालै खिचिएको पांच पांच प्रति फोटो

**बालिकाको बीमा गर्न आउने आमा बुवाको लागि पुरा गर्नुपर्ने आवश्यक शर्तहरु :**

१. छोरी पढाउने प्रतिबद्धता व्यक्त गर्दै कम्तिमा विद्यालय शिक्षा (१२ कक्षा वा सो सरह) पुरा गराउने प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ ।

२.प्रचलित कानुनको अधिनमा रहि छोरीको उमेर २० वर्ष पुरा नभए सम्म विवाह नगराउने प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ ।

३. मुद्दती बचत कार्यक्रमका शर्त, नियम तथा निर्देशन, प्रतिबद्धता बाहिर अन्य कुनै सेवा सुविधा दावी नगर्ने तिबद्धता व्यक्त गर्नुपर्नेछ ।

४. छोरा छोरी बीच लैङ्गिक विभेद रहित समान व्यवहार गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ ।

५. निर्देशिका बमोजिमको अवधि वा अवस्था भएपछि प्राप्त हुने मुद्दती बचत रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहन गरी निजको उज्वल भविष्य निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्नेछ ।

2076/10/06

..........................

रामलखन यादव

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत